# सोपान

साप-नेपाल, समाचारपत्र

वर्ष ९, अंक ३, पुष २०६०

## साप फल्चा : परम्परागत संरचनाको नयाँ रूप

काठमाडौं उपत्यकामा नेवार समुदायले आपसी सामूहिक भेटघाट तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका साथै विभिन्न विषयहरूमा छलफल र निर्णय गर्न सामुदायिक भवन एवं पाटीका रूपमा परम्परादेखि प्रचलनमा ल्याइरहेको संरचना "फल्चा" को अवधारणालाई साप-नेपालले पुनर्जीवित गरी समय परिस्थिति अनुरूप साप फल्चाको स्थापना गरेको छ। नेकपा एमालेका महासचिव माधवकुमार नेपालले साप-नेपाल केन्द्रिय कार्यालय बबरमहलमा गत मंसिर १२, २०६० मा उक्त फल्चाको उद्घाटन गर्नुभएको थियो । महासचिव नेपालले मुलुकको अहिलेको प्रमुख आवश्यकता शान्ति रहेकाले शान्ति स्थापनामा सबै क्षेत्रका नागरिकले आ-आफ्ना स्थानबाट पहल गर्नुपर्ने बेला आएको र मुलुकमा शान्ति स्थापना भए सबै क्षेत्रको विकास सहज हुने भएकोले विभिन्न संघसंस्थाले पनि समस्या समाधानका उपायहरू खोज्नुपर्ने बताउनुभयो । वरिष्ठ साहित्यकार सत्यमोहन जोशीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त उद्घाटन समारोहमा श्री जोशीले प्राचीन फल्चाको उपादेयतामाथि प्रकाश पार्नु भएको थियो । उक्त अवसरमा वहाँले संस्थाद्वारा तयार पारिएको वृत्तचित्र 'युद्धको पीडा' नामक सीडीको विमोचन पनि गर्नुभएको थियो ।




उद्घाटन कार्यक्रमका अवसरमा साप-नेपालका कार्यकारी निर्देशक डा. रोहित कुमार नेपालीले साप फल्चाका माध्यमबाट नागरिक समाजका विभिन्न संस्थाहरूलाई साझा उद्देश्यका लागि एकआपसमा आवद्ध गर्न, सूचना तथा श्रोतहरूमा साझेदारी गर्न, साझा मुद्दाहरूमा संयुक्त प्रयास सञ्चालन गर्न सघाउ पुग्ने बताउनु भयो। यस स्थलका निष्कर्षहरूबाट सरकार एवं राजनीतिक दलहरूका लागि नीति निर्माणमा समेत मार्गदर्शन प्राप्त हुन सक्ने तथा यस साप फल्चा आफ्नै आय आर्जनबाट आर्थिक रूपमा आत्मनिर्भर हुनसक्ने भएकोले अन्य संस्थाहरूका लागि यो उदाहरण बन्न सक्ने कुरा उहाँले बताउनु भयो ।

फल्चामा साइबर क्याफे, पुस्तकालय, तालिम तथा सभा कक्ष आदि रहेका छन् । यस फल्चामा समाजका विभिन्न विधाका वुद्धिजीवीहरू भेला भई देशको विद्यमान परिस्थिति, पिछडिएका समुदायको मुद्दा तथा सरोकारका क्षेत्रहरूको विश्लेषण गर्नुका साथै शान्ति, सुशासन, सामाजिक एकता, सामञ्जश्यता तथा प्रजातान्त्रिक प्रक्रिया सम्बन्धी मुद्दाहरूमा छलफल गर्न सक्नेछन् ।

कार्यक्रममा साप-नेपालमा उल्लेखनीय सेवा पुऱ्याए वापत कार्यकारी निर्देशक डा.रोहितकुमार नेपाली तथा कार्यक्रम निर्देशक गोविन्दकुमार श्रेष्ठलाई सम्मान पत्र प्रदान गरिएको थियो ।

# सम्पादकीय

## फल्चा : भेटघाट थलो

नागरिक समाज भन्नाले गैर दलगत राजनीतिक तथा गैर व्यापारिक उद्देश्यबाट नागरिकहरूको आवश्यकता परिपूर्ति गर्न, सामाजिक परिवर्तन ल्याउन, जनताको हितमा सरकारलाई कुनै काम गर्न वा कुनै काम नगर्न दवाब दिनका लागि गैर सरकारी स्तरमा औपचारिक वा अनौपचारिक रूपमा संगठित व्यक्तिहरूको समूह भन्ने बुझिन्छ, जसमा नागरिक समूहहरू, व्यवसायी संघहरू, सहकारी संस्थाहरू, महिला संस्थाहरू, सांस्कृतिक सस्थाहरू, आदि पर्दछन्। परम्परागत रूपमा नागरिक समाजहरू सामान्यतया आफ्नै समुदायभित्र सीमित रहेका हुन्थे र उनीहरूका विशेषता भनेका प्राथमिक सामीप्य प्रकृतिको आपसी सम्बन्ध, विश्वास, सहयोग र एकता नै थिए। जति बेला सरकारको भूमिका देशमा नियम कानूनहरूको पालन गराउनु र कर उठाउने कार्यमा सीमित रहेको थियो तथा सरकारद्वारा समाजको विकास एवं उत्थानका लागि सीमित मात्रामा मात्र केही कार्यहरू हुने गर्थे। त्यतिबेला समाजमा सामाजिक सास्कृतिक क्रियाकलापहरू सञ्चालन गर्न, समाजमा अनुशासन कायम राख्न, नीति नियमहरूको पालना गराउन तथा आर्थिक क्रियाकलापहरू सञ्चालन जस्ता कार्यहरूमा नागरिक समाज संस्थाहरूको नै मुख्य भूमिका रहेको हुन्थ्यो। त्यसर्थ समाजको प्रगति, समृद्धि तथा समाजलाई जीवन्तता दिनका लागि नागरिक समाज सस्थाहरूको विकास भएको देखिन्छ।

नेपाल एक बहुजातीय तथा बहुसाँस्कृतिक विशेषता भएको देश हो, जहाँ विभिन्न समुदायहरूमा विभिन्न प्रकारका नागरिक समाज सस्थाहरू विकसित भएको पाइन्छ। जस्तै थकाली समुदायमा परम्परागत 'ढिकुर' नामक सस्था प्रचलित रहेको पाइन्छ। यो संस्था समुदायको आय आर्जनमा केन्द्रित रहेको छ। यसै गरी 'गुठी' नेपाली समाजको परम्परागत सामाजिक सास्कृतिक तथा धार्मिक संगठन हो भने 'रोदी' गुरुङ्ग समुदायको सामाजिक सास्कृतिक समूह हो। 'धर्म पञ्चायत' परम्परागत स्थानीय निकाय हो जसले समुदायमा उत्पन्न हुने विवाद, कलह तथा झैझगडा समाधानका लागि मुख्य भूमिका निर्वाह गर्दै आएको छ।

काठमाण्डौको नेवार समुदायले आजसम्म पनि परम्परागत संरचनामा रहेको फल्चा अर्थात पाटीलाई प्रयोगमा ल्याइरहेको पाइन्छ, जसलाई पहिला पहिला समुदायका मानिसहरूले सामूहिक छलफल गर्ने तथा आगन्तुकहरूको आश्रय स्थलको रूपमा प्रयोग गरेको पाइन्छ। यसमा स्थानीय समुदायहरू सामाजिक कार्यका लागि भेला हुन्थे र समुदायका मुद्दाहरूमा छलफल गरिनुका साथै अनुभव आदान प्रदान तथा समस्याहरूको समाधानका लागि निर्णयहरू गरिन्थ्यो। यसका अतिरिक्त यस स्थानको प्रयोग सांस्कृतिक तथा धार्मिक कार्यक्रम अर्न्तगत भजनका लागि पनि गरिन्थ्यो। यसबाट समुदायमा आपसी सद्भाव तथा सहिष्णुता अभिबृद्धि हुन्थ्यो। यसै क्रममा एक रोचक जानकारी अनुसार उपत्यकाका मल्ल राजाहरूले यस फल्चालाई जनताका दुःख दर्दहरू सुन्ने सुनाउने तथा न्याय दिने स्थलका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। फल्चालाई आजसम्म पनि ज्योतिष शास्त्रीहरूद्वारा रातो मछिन्द्रनाथको भोटो देखाउन साइत जुराउनका लागि प्रयोगमा ल्याएको पाइन्छ।

नागरिक समाज एउटा गतिशील अवधारणा भएकाले यी संस्थाहरूले गतिशील रूपमा समय र परिस्थिति अनुरूप आफ्नो संरचना, कार्यक्षेत्र र कार्यशैलीमा विस्तार गर्दै आएका छन्। तदनुसार यी संस्थाहरू औपचारिक संगठनहरूका रूपमा विकसित भएर आएका छन्। साथै उनीहरूले समाजको आर्थिक र सामाजिक विकासका साथै राजनीतिक परिवर्तनका लागि पनि महत्वपूर्ण भूमिका निभाउदै आएका छन्। नेपालमा सन् १९९० मा वहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात यी संस्थाहरूको संख्यामा निकै बृद्धि भएको छ। तर, यिनीहरूले नयाँ चुनौतीहरूको पनि सामना गर्नु परिरहेको छ। यिनीहरूबीच ऐक्यवद्धता कायम गर्ने संयन्त्रको विकास हुन सकिरहेको देखिदैन भने अर्कोतिर राष्ट्रिय मुद्दाहरूमा छलफल गरी राष्ट्रिय सहमति कायम गर्न पनि सकिरहेको देखिदैन। शान्ति सुशासन तथा जीविकोपार्जनका क्षेत्रमा एक्ला एक्लै कार्य गर्दै आइरहेका छन्। यसै सन्दर्भमा नागरिक समाजका विभिन्न इकाइहरूबीच छलफल तथा विचार आदान प्रदान गर्ने थलोको आवश्यकता महशुस गरी साप-नेपालले परम्परागत फल्चाको अवधारणालाई नागरिक समाजको वर्तमान परिप्रेक्ष्यमा रुपान्तरण गरेको छ। जहाँ समाजका विभिन्न विधाका वुद्धिजिवीहरू भेला भई समाजका पिछडिएका समुदायको मुद्दा तथा सरोकार हरूलाई विश्लेषण गर्नुका साथै शान्ति, सुशासन, सामाजिक एकता, सामाञ्जश्यता तथा प्रजातान्त्रिक प्रक्रिया सम्बन्धी मूद्दाहरूमा छलफल गर्न सक्नेछन्, राज्यका विभिन्न निकायहरू, सरकारी ओहोदामा वसेका व्यक्तिहरू, व्यापारी तथा राजनितिक कार्यमा लागेका व्यक्तिहरूको उत्तरदायित्व तथा जवाफदेहिता सम्वन्धी मुद्दाहरूमा छलफल गर्न तथा आवाज उठाउन सकिनेछ।

# संविधानमा जनता

मुलुकमा दिगो शान्ति स्थापनाका लागि मिलन विन्दुको खोजी गरी अगाडि बढ्न वर्तमान परिस्थितिमा पहिलो प्राथमिकता शान्ति स्थापनालाई दिनुपर्ने कुरा गत २०६० कार्तिक २१ मा सम्पन्न **संविधानमा जनता** विषयक अन्तरक्रियामा व्यक्त गरिएको छ। उक्त अवसरमा सरकार तथा माओवादीलाई अविलम्ब वार्ताको टेबुलमा ल्याई शान्ति वार्तालाई अगाडि बढाउनु पर्ने, संविधानमा जनजाति, दलित, महिला आदि पिछडिएको वर्गको समस्यालाई सम्बोधन गर्नुपर्ने, संविधानलाई क्रियाशील बनाउनु पर्ने, जनताको सार्वभौम सत्ता एवं बहुदलीय प्रजातन्त्रको रक्षा हुनुपर्ने, कतिपय कुरामा विवाद देखिएमा आवश्यक परेमा जनमत द्वारा समस्या समाधान गर्नु पर्ने कुरामा सहभागीहरुद्धारा जोड दिइएको थियो।

संभावित परिवर्तित संविधानका सामाजिक-सांस्कृतिक, आर्थिक, राजनीतिक तथा कानुनी पक्षबारे विश्लेषण गरी आगामी पुनर्लिखित संविधानमा जनता, राजसंस्था, राजनीतिक दल, सुविधाविहीन वर्ग र सेनाको स्थान, भूमिका एवं उत्तरदायित्व तथा संसद र प्रधानमन्त्रीको निर्वाचन प्रक्रिया एवं जवाफदेहिता सम्बन्धमा छलफल गरी सुधारका उपायहरू खोजी गर्ने तथा विद्यमान संकटको निकासका लागि उक्त तीन वटै शक्तिहरू: सत्तापक्ष, नेकपा (माओवादी) र संसदवादी दलहरूलाई संविधानमा लचिलो भई संवादद्वारा सहमतिको एउटा मिलन विन्दुमा पुग्न उपयुक्त वातावरण सिर्जना गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो।

दुई सत्रमा सम्पन्न उक्त कार्यक्रमको सभापतित्वमा पहिलो सत्र डा हर्क गुरुंग तथा दोस्रो सत्र पूर्व न्यायधीश एवं २०४७ सालको संविधान सुझाव आयोगका सदस्य लक्ष्मण अर्यालले गर्नुभएको थियो। कार्यक्रममा प्रा. कृष्ण खनाल तथा नेपाल बार एसोसिएसनका अध्यक्ष सिन्धुनाथ प्याकुरेल विशेष वक्ताका रुपमा हुनुहुन्थ्यो। कार्यक्रमका सभापति डा. हर्क गुरुङ्गले वर्तमान संविधानले मुलुकी ऐनको वर्णाश्रम ढाँचाको ठाँउमा वहुजातीय यथार्थलाई मान्यता दिएको वताउदै हालको अवस्थामा संविधानको संशोधन नभई, संविधान परिवर्तनको आवश्यक रहेको तथा यसकालागि भाषिक, धार्मिक र जातीय रुपमा विश्लेषण गर्नुपर्ने वताउनु भयो।

प्रा. कृष्ण खनालले नेपाल अधिराज्यको

(बाँकी पृष्ठ ८ मा)



# जनमुखी जनवकालत र जनवकालत अभियान योजना

**शरद न्यौपाने**, *साप-नेपाल, विराटनगर*

सामान्यतया अदालतमा चलन चल्तिमा रहेको वकालत शब्द हाल विकासे गैरसरकारी संस्थाहरूमा पनि प्रशस्त सुन्न पाइन्छ । सामाजिक कार्यकर्ताहरूको सहयोगमा समाजमा रहेका विभिन्न मुद्दाहरूमा जनताले आवाज उठाउने भएकाले यसलाई जनवकालत अथवा Advocacy भन्ने गरिएको छ । अझ हालका दिनहरूमा यसलाई जनमुखी जनवकालत पनि भन्ने गरेको पाइन्छ । People centered Advocacy को नेपाली रूपान्तरणको रूपमा जनमुखी जनवकालतको प्रयोग भएको पाइन्छ । अंग्रेजीको यो Advocacy शब्द ग्रीक शब्द Ad Vocca बाट आएको हो । Ad भनेको Amplify गर्नु थप्नु, बढाउनु र Vocca भनेको Voice अथवा आवाज हो । जनवकालत भनेको राष्ट्रको नीतिलाई जनताका पक्षमा प्रभावित गर्ने र जनताले चाहे अनुसार कार्यान्वयन गर्ने एउटा योजनाबद्ध र संगठित प्रयास हो । सामाजिक संस्थाहरूको पहलमा हुने जनवकालत सामाजिक न्याय प्राप्तिका निम्ति पिछडिएको समुदायको हितमा केन्द्रित हुन्छ । जनमुखी जनवकालतको अवधारणा अनुसार जनवकालतको उद्देश्य सामाजिक न्याय, मानव अधिकार, जनचाहनालाई अगाडि बढाउने र शासनलाई सुशासनमा परिणत गर्ने अर्थात जनउत्तरदायी र पारदर्शी बनाउने हो । यसले शान्तिपूर्ण बाटो तथा प्रजातान्त्रिक औजारहरूको प्रयोग गर्दछ । जनमुखी जनवकालत जनताले, जनताका लागि जनताकै निम्ति गरिने एक प्रक्रिया हो । त्यसैले यसलाई प्रजातान्त्रिक भावनाले गरिने निश्चित मूल्य र मान्यतामा आधारित एउटा राजनैतिक प्रक्रिया हो भन्दा अत्युक्ति नहोला ।

जनवकालत कुनै परियोजना होइन यो त एक आन्दोलन हो । यसका लागि संजाल तथा सहयोग, समन्वयको महत्वपूर्ण भूमिका हुन्छ । योजनाबद्ध किसिमले अगाडि बढ्नु पर्ने र लामो समय पनि लाग्न सक्ने भएकाले यस्ता संजालहरूलाई संस्थागत गरिनु पर्दछ । नागरिक समाज संस्थाहरू तथा यसका संजालहरूले विभिन्न मुद्दाहरूलाई उठाउने, सरकारी संयन्त्रसंग नीति निर्माणको समयमा संगै बस्ने तथा कार्यान्वयनको पक्षमा संधै ख्याल राख्नु पर्ने हुन्छ । जनवकालत संधै सूचना तथा अध्ययन अनुसन्धानका आधारमा गरिनु पर्दछ ।

जनवकालतमा मुख्यत चारवटा कर्ताहरूको पहिचान तथा विश्लेषण गर्नुपर्दछ ।

१. पीडित पक्ष - मुद्दाले प्रत्यक्ष प्रभाव पारेका जनताहरू
२. सहयोगी पक्ष - जसमा सामाजिक संघ संस्था, अभियान कर्ताहरू पर्न सक्दछन् ।
३. तटस्थ पक्ष - सामान्य जनता, पेशागत समूहहरू, बुद्धिजीवीहरू (यो संख्या ठूलो हुन सक्छ)
४. विरोधी पक्ष - जसले मुद्दाको विपक्षमा वकालत गर्दछ ।

जनवकालतमा सर्वप्रथम मुद्दाका सहयोगी पक्षलाई पीडितहरूसंगै ल्याउनुपर्छ, त्यसपछि तटस्थ बसेकाहरूलाई समर्थक बनाउन सक्नुपर्छ र विरोधीहरूको पक्षमा जान र बोल्न सक्ने परिस्थितिको अन्त्य गर्नुपर्छ । पीडित पक्ष तथा विरोधी दुवैको क्षमता, कमजोरी, अवसर तथा चुनौतीहरूको विश्लेषण गरेर मात्र जनवकालत अभियान संचालन गर्नुपर्छ ।

जनवकालत एक व्यवस्थित र योजनाबद्ध अभियान हो । त्यसैले विना योजना वा गन्तब्य निर्धारण नगरी गरिएको अभियान सफल नहुन पनि सक्छ । त्यसैले अभियान संचालनका लागि आवश्यक केही बुंदाहरू यहाँ दिने प्रयास गरिएको छ । कुनै निश्चित मुद्दामा जनवकालत संचालन गर्न तल दिइएका कुराहरूमा ध्यान पुऱ्याउन जरुरी छ ।

१. **लक्ष्य तथा उद्देश्य निर्धारण :**

हामी कहां जाने भन्ने विषयमा स्पष्ट भए पछि मात्र कसरी जाने, कहांबाट जाने भन्ने कुरा आउंछ, त्यसैले आफ्नो गन्तब्य निर्धारण गर्नु जनवकालतको एउटा महत्वपूर्ण पक्ष हो ।

२. **मुद्दा पहिचान र संरचना :**

मुद्दा पहिचान पश्चात त्यो मुद्दालाई कसरी संरचित (Framing) गरिएको छ त्यसमा जनवकालतको सफलता भर पर्दछ । मुद्दालाई आकर्षक नारा अथवा सबैले एकपटक सुन्ने वित्तिकै एक किसिमले मानिसको दिमागमा तरंग पैदा गर्ने खालको हुनुपर्दछ, जसले सहयोगीहरूको संख्या बढाउन मद्धत गर्दछ ।

३. **सूचनामा आधारितः**

जनवकालत जहिले पनि सूचनामा आधारित हुनुपर्दछ । अभियान संचालन गर्दा मुद्दाका विषयमा सम्पूर्णतः जानकारी हुन आवश्यक छ । अभियान किन, के का लागि, कहाँ, कति अवधिमा र कसरी संचालन गर्ने भन्ने कुराको जवाफ अभियान कर्तासंग हुनु जरुरी छ ।

४ **कर्ताहरूको विश्लेषणः**

जनवकालत अभियान संचालन गर्नु अघि पीडित पक्ष, सहयोगी पक्ष, तटस्थ पक्ष तथा विरोधी पक्षको पहिचान तथा विश्लेषण गर्नु आवश्यक हुन्छ । पीडित तथा विरोधी पक्षको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण गरियो भने अभियानलाई अगाडि बढाउन सजिलो हुन्छ । (बाँकी पृष्ठ ४ मा)

# संविधानमा मिलन विन्दुको खोजी
## अन्तरक्रिया कार्यक्रम

नेकपा (माओवादी) द्वारा देशमा शुरु गरिएको विद्रोह समाधान हुन नपाउँदै संसदवादी ५ राजनीतिक दलहरू प्रतिगमनका नाममा आन्दोलनमा उत्रेका छन् । यसरी देशमा विद्यमान संकटको निकासका लागि राष्ट्रका तीनवटा शक्तिहरू: संस्थापन पक्ष, आन्दोलनरत् संसदवादी राजनीतिक दल र नेकपा (माओवादी) तीनवटै पक्ष एकै ठाउँमा बसी एकअर्काका प्रस्तावहरूमाथि सामूहिक रूपमा छलफल र विश्लेषण गरी मूल मुद्दाहरूमा राष्ट्रिय सहमतिका लागि हालको अवस्थामा एउटा मिलन विन्दुमा पुग्न आवश्यक छ। यसरी तीनवटै पक्षलाई एउटा मिलन विन्दुमा पुऱ्याउन नागरिक समाजले पनि आफ्नो सोच र धारणा प्रदान गरी दबाब दिन आवश्यक हुन आएको छ। यसै सन्दर्भमा देशमा विद्यमान संकटको निकासका लागि संविधानसंग संबन्धित विषयहरूमा देशका तीन वटै शक्ति-संस्थापन पक्ष, नेकपा (माओवादी) तथा संसदवादी दलका सोचहरूमा भएका समानता र अन्तरहरूको विश्लेषण गरी उक्त तीन वटै शक्तिहरूलाई एउटा मिलन विन्दुमा ल्याउने उपायको खोजी गर्ने तथा संवैधानिक विकासको क्रममा सहभागीहरूवीच संविधानमा राजसंस्था, जनता, सुविधाविहीन वर्ग, राजनीतिक दल र सेनाको स्थान, भूमिका र उत्तरदायित्व सम्बन्धमा आआफनो धारणा आदान प्रदान गर्ने उद्देश्यले गत **कार्तिक, २०६० मा संविधानमा मिलन विन्दुको खोजी** विषयक अन्तर क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

साप-नेपाल तथा नागरिक समाज विकास परिषद नेपालको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा द्वन्द्वको स्थायी समाधानका लागि मधेसी, जनजाति, दलित, महिला जस्ता पछाडि परेका वर्गलाई मूलधारमा समाहित गर्नु पर्ने, राजनीतिक दलहरू पारदर्शी हुनुपर्ने र दल तथा नेताहरू भित्रबाट नै प्रजातान्त्रिक भएमा मात्र राष्ट्र प्रजातान्त्रिक हुनसक्ने कुरामा जोड दिइएको थियो । सहभागीहरूले अहिलेको द्वन्द्व जाति, भाषा, धर्मको द्वन्द्व नभई खान पाउने र नपाउने वीचको द्वन्द्व भएको कुरामा जोड दिएका थिए ।

कार्यक्रममा संविधानमा मिलन विन्दुको खोजी गर्नुभन्दा अगाडि हाल संविधान नै मृत अवस्थामा रहेकोले देश चलाउन संविधानलाई नै क्रियाशील बनाउनु पर्ने तथा यसैबाट नागरिक समाजले राजनीतिक दलहरूलाई मूलधारमा ल्याउनु पर्ने कुरामा पनि जोड दिइएको थियो । यसका लागि समस्याको जड पत्ता लगाएर समाधानको लागि अगाडि बढ्नु पर्ने, जनतालाई सार्वभौम बनाउन संविधानसभा हुनुपर्ने तथा राजालाई सम्मानित रूपमा राख्नका लागि संविधानमा के कस्तो प्रावधान हुनसक्छ त्यसको निर्क्योल गर्नुपर्ने कुरा पनि औंल्याइएको थियो ।

साप-नेपालका कार्यकारी निर्देशक डा. रोहितकुमार नेपालीको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा डा. नेपालीले वार्ताको एजेण्डा स्पष्ट नभएकोले नै वार्ता सफल हुन नसकेको तथा संविधानमा तीन शक्तिको मिलन विन्दुका लागि के कस्तो प्रक्रिया अवलम्बन गर्नु पर्ने हो सो कुरा पहिल्याएर प्रगतिको मार्गमा राष्ट्रलाई डोऱ्याउनु पर्ने कुरामा जोड दिनुभएको थियो ।

(जनमुखी जनवकालत ......... पृष्ठ ४ बाट)

५. **कार्ययोजना निर्माण:**

माथिका सवै कुराहरूको तयारी र विश्लेषण भै सकेपछि कार्ययोजना तयार गर्नुपर्दछ । कार्यनीति निर्धारण गरेर निश्चित समयमा गर्ने क्रियाकलापलाई योजनाबद्ध तरिकाले राखी एक स्पष्ट कार्ययोजनाको निर्माण गरेर मात्र अभियानलाई अगाडि बढाउनु पर्छ ।

६. **नियमित अनुगमन, मुल्याङ्कन तथा परिमार्जन:**

अभियानको नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्छ । विरोधीको समेत प्रतिक्रिया तथा अभियानको प्रगतिको विश्लेषण गरी समय समयमा आफ्नो कार्यनीति तथा कार्ययोजनाको परिमार्जन तथा परिवर्तन पनि गर्नुपर्दछ ।

यसरी योजनाबद्ध जनअभियान संचालन गरिएमा पीडित पक्षले आफ्नो अधिकार स्थापित गरी हक र हितलाई संरक्षण गर्न सम्भव हुन्छ । जनमुखी जनवकालतको अवधारणामा यस्ता अभियानमा पीडित पक्ष नै अगाडि आउनु र अभियान संचालन गर्नुपर्छ। अन्य संघ संस्था तथा अभियानकर्ताले सहजकर्ता, सहयोगी र उत्प्रेरकको भूमिका निर्वाह गर्नुपर्छ ।



# विकास : वहु आयामिक अग्रगामी प्रक्रिया

**(सर्वे भवन्तु सुखिनः सर्वेसन्तु निरामयाः ।**
**सर्वे भद्राणि पश्यन्तु माः कश्चिद् दुःख भाग्जनः । ।)**

**तीर्थप्रसाद ज्ञवाली, साप–नेपाल**

## परिचय

विकास एउटा वहुआयामिक अग्रगामी प्रक्रिया हो अर्थात यो निरन्तर अगाडि बढिरहने सर्वाङ्गीण सकारात्मक परिवर्तनको प्रक्रिया हो, जसको लक्ष्य माथि उद्धृत् श्लोक अनुसार समाजमा "सम्पूर्ण (प्राणी) सुखी होउन्, सबै स्वस्थ रहुन्, सबैले राम्रो देख्न पाउन् र कोही पनि दुखी नहोउन्" भन्ने हो । यस श्लोकको भावना र मर्म भनेको समग्रमा सम्पूर्ण मानिसहरूको जीवनपद्धतिमा सुधार अर्थात सामाजिक न्यायमा आधारित एवं समतामूलक विकास हो, जो अनिवार्य रूपमा दिगो पनि हुनुपर्छ । विकासमा दिगोपन प्राप्तिका लागि यसको पद्धति र प्रक्रिया सहभागितात्मक हुनुपर्छ तथा जनताको आफ्नो भाग्य आफै निर्माण गर्न सक्ने क्षमता अभिवृद्धि हुनुपर्छ । साथै भविष्यका पुस्ताको विकासमा वाधा व्यवधान उत्पन्न हुन नपाउने गरी प्रजातान्त्रिक संस्थाहरू र प्राकृतिक श्रोत तथा पर्यावरणको प्रवर्द्धन, संरक्षण र संवर्द्धन गर्न अपरिहार्य हुन्छ ।

समाजमा सबैजना सुखी र स्वस्थ हुने, सबैले राम्रो देख्न पाउने तथा कोही पनि दुखी नहुने अवस्था तब मात्र सृजना हुन सक्छ जब सामाजिक पूंजीको निर्माण र दिगो सकारात्मक शान्ति कायम हुन्छ । सामाजिक पूंजीको निर्माण र दिगो सकारात्मक शान्ति तब मात्र सम्भव हुन्छ जब समतामूलक दिगो विकासका साथै सुशासनको स्थापना र प्रजातान्त्रीकरण प्रक्रियाको सुदृढीकरण हुन्छ ।

## विकासका प्रमुख आयामहरू

### १. आर्थिक विकास

आर्थिक विकास भन्नाले रोजगारी सृजना, उत्पादन तथा आयमा वृद्धि, रहनसहनमा सुधार र तत्सम्बन्धी आवश्यक शीप र क्षमतामा वृद्धिको प्रक्रिया बुझिन्छ, जसमा आफू तथा आफ्नो परिवार र राष्ट्रको दिगो भौतिक विकास र कल्याणकारी कार्यका लागि रोजाई र निर्णय गर्ने योग्यता व्यक्ति, संस्था र सरकारमा वृद्धि हुँदै जाने प्रक्रिया समेत पर्दछ । आर्थिक विकासका विभिन्न अवस्थाका सन्दर्भमा W.W. Rostow ले Stages of Economic Growth नामक पुस्तकमा ५ वटा देहाय अनुसारका अवस्थाहरू बयान गरेका छन्:

१. पारम्परिक समाज (The traditional society)
२. परिवर्तनका लागि पूर्वाधार तयार भएको समाज (The precondition for take-off)
३. तीब्र गतिमा परिवर्तन भइरहेको समाज (Take-off)
४. परिपक्वता तर्फ उन्मुख समाज (Drive to maturity)
५. आम जनसमुदायले उपलब्धिको उपभोग गरिरहेको समाज (The high mass consumption)

आर्थिक विकास अन्तर्गत उत्पादन वृद्धिका साथसाथै समतामूलक वितरण, बजार व्यवस्था, आर्थिक संगठनहरूको संरचनागत विकास, विकासका पूर्वाधारहरू निर्माण, आदि समेत पर्दछन् । त्यसकारण समतामूलक वितरण प्रणाली विहीन आर्थिक वृद्धिले आर्थिक विकासलाई प्रतिविम्वित गर्न सक्दैन । देशको कूल गार्हस्थ्य उत्पादन, प्रति व्यक्ति आय, लगानी प्रवर्द्धन, आयात निर्यात शोधनान्तर स्थितिमा सुधारले भने आर्थिक वृद्धिलाई प्रतिविम्वित गर्दछ ।

सन् १९५० को दशक पछि विश्वका कतिपय विकासशील देशहरूमा नयाँ प्रविधिको प्रयोगबाट कृषि उत्पादन बढनुका साथै औद्योगीकीकरणको फलस्वरुप उल्लेखनीय रूपमा आर्थिक वृद्धि भएको छ र १९६० को दशकको अन्त्यसम्म विकासका सूचकको आधारका रूपमा खासगरेर आर्थिक वृद्धिलाई नै स्वीकार गरिएको थियो । तर, यस प्रकारको राष्ट्रिय आर्थिक वृद्धिबाट गरिबहरूको अवस्थामा परिवर्तन आउन नसकेको मात्रै होइन धनी देशहरू अरु धनी हुँदै गए भने गरिब देशहरू अरु गरिब हुँदै गए र परनिरभर्ताको सिद्धान्त अनुसार कतिपय विकासशील देशहरूको परनिर्भरता बढदै गयो । यस प्रकारका तथ्यहरू जानकारीमा आएपछि विकासको अवधारणा र पद्धतिमा पुनरावलोकन गरी १९७० तिरबाट सामाजिक विकासमा समेत विकास विद्हरूको ध्यान आकृष्ट हुन शुरु भयो । त्यसकारण आर्थिक विकासलाई आर्थिक वृद्धिका रूपमा मात्र हेरिनु हुन्न । आर्थिक वृद्धि भन्नाले संख्यात्मक वा परिणात्मक वृद्धि बुझिन्छ, जो उत्पादनसंग बढी सम्बन्धित हुन्छ भने आर्थिक विकासको अवधारणाले समाजको गुणात्मक विकासलाई जनाउंछ अर्थात यसले उत्पादनमा वृद्धिका साथै समृद्धिलाई पनि जनाउंछ । आर्थिक विकासबाट उत्पादन प्रणालीमा वैज्ञानिकीकरण, औद्योगीकरण र कार्यप्रणालीमा विशिष्टीकरणका साथै समाजमा संरचनागत परिवर्तन समेत आउंछ । त्यसैकारण १९८० को दशकमा पुग्दा विकासमा सामाजिक विकासको अवधारणालाई अगाडि ल्याइयो ।

### २. सामाजिक विकास

समाजिक विकास अन्तर्गत सामाजिक क्षेत्र पर्दछ जसमा शिक्षा र स्वास्थ्यका अतिरिक्त संयुक्त राष्ट्र संघीय सामाजिक विकासका लागि अन्तर राष्ट्रिय मञ्च (United Nations International Forum For Social Development) द्वारा प्रतिपादित चार तत्वहरूसमेत पर्दछन् जो सारांशमा देहाय अनुसार छन् (Arts and Human Development In Concert With Natures, Wing Span Resources, Components Of Social Development):

१. स्वतन्त्र रूपमा काम गरेर होस् वा नोकरी गरेर होस् प्रशस्त कमाइ गर्न आर्थिक क्रियाकलाप सञ्चालन गर्न सक्नुपर्छ । मानव अवस्थाको यस आधारभूत अवधारणाले प्रत्येक व्यक्तिको आफू र आफ्नो परिवारको लागि स्तरीय स्वस्थ र खुशहालीपूर्ण जीवन स्तर जिउने अधिकार अर्थात संयुक्त राष्ट्रसंघीय सहस्राब्दी घोषणाको शब्दमा निकृष्ट र अमानवीय अवस्थाको चरम गरिबी निवारणमा जोड दिन्छ ।
२. सामाजिक विकासको दोश्रो तत्व हो शिक्षा, सामाजिक सुरक्षा, र सामाजिक संरक्षण लगायत सामाजिक सेवाहरूमा पहुंच ।
३. सामाजिक विकासको तेश्रो तत्व हो, सम्पूर्ण मानव समान रूपमा स्वतन्त्र, समान प्रतिष्ठा र अधिकारका साथ जन्मेका हुन्छन् भन्ने विश्व

घोषणाको कार्यान्वयनका बाधाहरूलाई हटाउन आवश्यक ठानिएका अवसर, आय र सम्पत्तिको पुनर्वितरण ।

४. सामाजिक विकासको चौथो तत्व हो संरचनाहरू, संस्थाहरू र सम्बन्धहरूद्वारा सामञ्जश्यपूर्ण तरिकाबाट काम गर्नु जसको माध्यमबाट व्यक्तिहरूले एउटा समाजको निर्माण गर्छन् ।

सन् १९८० को दशकमा सामाजिक विकासको अवधारणा अनुसार विकास प्रयास अन्तर्गत आर्थिक समपन्नतामा वृद्धिका साथै सामाजिक पक्षमा समेत लक्षित गर्न थालियो । जस्तै आधारभूत आवश्यकता तथा सामाजिक पूंजी, विभिन्न प्रकारका विभेदको अन्त्य, सामाजिक न्याय, समानता, कमजोर वर्गको सशक्तीकरण, सामाजिक सुरक्षाको प्रत्याभूति आदि ।

## ३. राजनीतिक विकास

राजनीतिक विकास भन्नाले प्रजातान्त्रीकरण प्रक्रियाको स्थापना र सुदृढीकरण भन्ने बुझिन्छ । जस अन्तर्गत सर्वसत्तावादी शासनको अन्त्य भई प्रजातान्त्रिक शासन प्रणालीको स्थापना, प्रजातान्त्रिक संस्थाहरू तथा मूल्य मान्यताहरूको विकास हुनुका साथै प्रजातन्त्रका सम्वाहक राजनीतिक दलहरूमा राजनीतिक संस्कृतिको विकास हुदैजान्छ । स्वच्छ निर्वाचन प्रणालीबाट संसदको निर्माण तथा सक्षम जनउत्तरदायी सरकार राजनीतिक विकासका लक्षण हुन् ।

राजनीतिक विकासको एउटा व्यापक महत्वपूर्ण विशेषता भनेको समानताप्रतिको मूल्य मान्यता हो । राजनीतिक क्रियाकलापहरूमा सक्रिय जनसहभागिता हुनुपर्छ । प्रजा सक्रिय नागरिकका रूपमा परिणत हुनुपर्छ र शासन लोकप्रिय हुनुपर्छ ।

समानताले विधिको शासनलाई समेत जनाउंछ । जसअनुसार कानून सबैलाई समान रूपमा लागू गरिनुपर्छ र पक्षपात गरिनु हुदैन । अर्थात सबै मानिसहरू, धनी र गरिब, बलिया र कमजोर सबैलाई एउटै कानुन समान रूपमा लागू हुनुपर्छ ।

राजनीतिक विकासको अवधारणाको अर्को महत्वपूर्ण विचार राजनीतिक प्रणालीको क्षमता वा सामर्थ्य अर्थात सरकारको कार्य सम्पादन सामर्थ्य हो । जसमा सार्वजनिक नीति निर्माण र कार्यान्वयनमा प्रभावकारिता र कुशलता पनि पर्दछ । साथै यसले प्रशासनमा न्यायिक दृष्टिकोण र जाति, लिंग, धर्म र भाषाका आधारमा भेदभाव विहीनतालाई समेत जनाउंछ ।

राजनीतिक विकासमा नागरिकहरूमा नागरिक अधिकार र कर्तव्यको ज्ञान र जागरुकता, निर्वाचनमा सहभाग, आदि पनि पर्दछन् । निष्कर्षमा यो भन्न सकिन्छ कि राजनीतिक विकासले सुशासनको प्रवर्द्धन र प्रजातन्त्रीकरण प्रक्रियाको सुदृढीकरणलाई प्रतिविम्वित गर्दछ ।

## ४. मानव विकास

सन् १९५० को दशकदेखि नै विकासका विभिन्न अवधारणा, सिद्धान्त र पद्धति प्रतिपादित गरी परीक्षण गरिदै आएका छन् । यसै क्रममा सन् १९९० तिरबाट विकासलाई भौतिक पक्षमा मात्र सीमित नराखी सामाजिक र मानवीय पक्षमा समेत हेरिनु पर्छ भन्ने मान्यता अनुसार विकास अवधारणामा नयां आयाम थपिन आएको छ । जसअनुसार (Human Development Report: Analytical Tools For Human Development-2003) विकासको वास्तविक उद्देश्य जनतालाई दीर्घ, स्वस्थ र रचनात्मक जीवन जिउनका लागि सामर्थ्यमूलक वातावरण सृजना गर्नु हो ।

मानव विकासले मानिसका रोजाइहरूलाई विस्तार गर्ने र उनीहरूको सुखमय जीवन स्तरमा वृद्धि दुवै प्रक्रियालाई जनाउंछ । ती मध्ये सबैभन्दा महत्वपूर्ण हुन्, राजनीतिक स्वतन्त्रता, मानव अधिकारको प्रत्याभूति र आत्मसम्मानका साथ दीर्घ र सम्पन्न जीवन जीउनु, शिक्षित हुनु, उत्तम जीवन स्तरको आनन्द लिनु । मानव विकासको अवधारणाले यसका दुई पक्षवीच अन्तर छुट्याउंछ । जस मध्ये पहिलो पक्ष हो मानवीय सामर्थ्यको निर्माण र अर्को पक्ष हो उपलब्ध गरेको सामर्थ्यको सदुपयोग ।

कहिले काहीं मानव विकासको अवधारणालाई विकासको देहायका अवधारणा वा पद्धतिका रूपमा गलत व्याख्या गरिन्छ वा द्विविधा गरिन्छः

- आर्थिक विकास विकासको लक्ष्य नभई एउटा माध्यम मात्र हो । कूल राष्ट्रिय उत्पादन वृद्धि र मानव विकासवीच कुनै सीधा सम्बन्ध छैन ।
- मानव पूंजी निर्माण र मानवीय श्रोत विकास सिद्धान्तले मानवलाई आय र सम्पत्तिको वृद्धिको अन्तिम लक्ष्यका रूपमा नहेरी माध्यमका रूपमा हेर्दछ ।
- मानव कल्याण पद्धतिले मानिसलाई विकास प्रक्रियामा सहभागी भन्दा पनि लाभार्थीका रूपमा हेर्दछ ।
- आधारभूत आवश्यकता पद्धतिले वञ्चित जनसंख्याका आवश्यकताहरू- भोजन, आश्रय, लत्ता कपडा, स्वास्थ्य र पानीका लागि सामग्री र सेवामा ध्यान आलोकित गर्दछ । यस पद्धतिको ध्यान उपलब्ध गराइने सामग्री र सेवाबाट लाभान्वित जन समुदायमा पर्ने असर भन्दा पनि उक्त सामग्री र सेवा उपलब्ध गराउनुमा नै आलोकित गरिएको हुन्छ ।

त्यसकारण मानव विकासको सर्वाङ्गीण अवधारणा अनुसार मानिसका आधारभूत आवश्यकता, मानव अधिकार, शान्ति, सामाजिक मूल्य मान्यताको सम्मानका साथ अपेक्षित आयु, शिक्षा, स्वास्थ्य, आदिलाई मध्यनजर गरी विकासलाई परिभाषित गर्नुपर्छ र विकासका सम्पूर्ण प्रक्रियाहरूमा मानिसलाई केन्द्रमा प्रतिष्ठापित गरिनुपर्छ । यो मान्यता अनुसार आर्थिक बृद्धि दर उच्च भएका मुलुकहरू पनि मानव विकासको सूचांकहरूका आधारमा तल पर्न सक्छन् किनभने दिगो विकासको लागि आर्थिक वृद्धि एउटा माध्यम त हो, तर यो आफैंमा अन्तिम परिणाम भने होइन ।

## निष्कर्ष

विकासका विभिन्न पक्षवीच प्रष्ट विभाजन रेखा पाउन सकिदैन र एउटा पक्षमा आएको परिवर्तनले अन्य पक्षमा समेत प्रभाव पार्दछ । साथै विकास व्यापक ज्ञान आर्जनमा निर्भर गर्दछ, जसका आधारमा मानिसहरू आफ्ना व्यक्तिगत एवं साझा समस्या र आवश्यकता तथा शक्ति, अवसर र चुनौतीहरूप्रति जागरुक हुन्छन्, समस्याका सबै पक्षलाई विश्लेषण गर्छन्, समस्या समाधान गर्ने वा आवश्यकता पूरा गर्ने विकल्पहरूको खोजी गरी सबैभन्दा उपयुक्त विकल्पको छनोट गर्छन्, जनकेन्द्रित योजना तर्जुमा गर्दछन् र स्थानीय एवं वाह्य श्रोतको परिचालन गरी सगंठित रूपमा उक्त योजना कार्यान्वयन गर्छन् । यस प्रकारको विकास प्रक्रिया शैक्षिक रूपमा अग्रगामी हुनुपर्छ अर्थात जनकेन्द्रित योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा संलग्न व्यक्तिहरूको ज्ञान, शीप र क्षमतामा अभिवृद्धिका साथै सोचमा सकारात्मक परिवर्तन आउँदै जानुपर्छ ।

## References


2. Acharya, Balaram, Development Sociology, Acharya Publication, 2059
3. Garry Jacobs & N. Asokan, VISION 2020, KNOWLEDGE FOR DEVELOPMENT, PRESENTATION to the Planning Commission, Govt. of India, August 8, 2000 (Internet Website)
4. Lucian W. Pye, Aspects Of political development: The Concepts OF Political Development, Little, Brown and company, Boston and Toronto, 1966
5. UNDP, Human Development Reports



# नीति निर्माणमा जनता कति नजिक वा टाढा ?

**अनिल प्रसाद खनाल**, *साप-नेपाल-पोखरा*

नीति शब्दको प्रयोग हरेक क्षेत्रमा हुने गरेको पाइन्छ । साधारण अर्थमा नीति भन्नाले व्यवहार वा आचरणलाई जनाउंदछ, जसलाई उपाय वा युक्तिको रूपमा पनि लिने गरिन्छ। उद्देश्यमूलक, नियमसंगत, कार्यमूलक आदि विशेषता रहने नीति धेरै प्रकारका हुनसक्छन्। यी नीतिको प्रकृतिमा भर पर्ने कुरा हो। सामान्यतया नीति प्रक्रियागत, सकारात्मक र नकारात्मक, दीर्घकालीन, अल्पकालीन आदि प्रकारका हुन सक्छन् ।

नीति विभिन्न किसिमको हुने भएता पनि सर्वाधिक चासो र व्यापक चर्चामा आउने गरेको सार्वजनिक नीति नै हो । प्रारम्भिक कालमा सार्वजनिक नीतिहरू व्यक्तिको नामबाट परिचित हुन्थे, जसअनुसार व्यवहारमा लागू पनि गरिन्थे। जस्तैः उदारहणका लागि चाणक्य नीति, विदुरनीति, शुक्र नीति आदि, जुन नीतिहरूको प्रमुख उद्देश्य राज्य संचालन गर्नु रहेको थियो। यसैको विकसित वा परिमार्जित रूपमा हालको सार्वजनिक नीतिलाई लिन सकिन्छ । अतः सरल रूपमा सार्वजनिक नीतिलाई राज्य संचालनका लागि तय गरिएका आचार संहिता भनेर बुझ्न सकिन्छ। सार्वजनिक नीतिलाई अझ गहिरिएर विश्लेषण गर्ने हो भने यो एउटा राजनैतिक दस्तावेज हो । यसलाई शासक र शासितबीचको सम्बन्ध स्थापना गर्ने माध्यमको रूपमा पनि लिन सकिन्छ। जसमा अधिकार, उत्तरदायित्व, जिम्मेवारी जस्ता महत्वपूर्ण कुराहरूलाई संन्तुलित ढंगबाट विभाजन र व्याख्या गरिएको हुन्छ ।

सार्वजनिक नीतिको प्रकृति देशको भू-राजनीतिमा भर पर्दछ । अर्थात देशको राजनीतिले नीतिलाई डोऱ्याएको हुन्छ । त्यसैले कुनै पनि देशको आर्थिक, सामाजिक, राजनैतिक अवस्थाको पहिचान त्यस मुलुकले अवलम्बन गरेका नीतिबाट थाहा पाउन सकिन्छ ।

सामान्यतया सार्वजनिक नीतिको तर्जुमा दुई प्रकारले गर्ने गरेको पाइन्छ। पहिलोमा समस्या पहिचान गरी समाधानका लागि उपलब्ध विकल्पहरूको लेखाजोखा गरी लाभ र लागतको आधारमा उपयुक्त नीतिको छनौट गरिन्छ भने दोस्रोमा कुनै गम्भीर प्रकृतिको सामाजिक, आर्थिक, राजनैतिक समस्याहरू उत्पन्न भएमा त्यसको निराकरणका लागि तर्जुमा गरिएको हुन्छ । अर्थात यो परिस्थिति अनुसार घटना भएपछि तर्जुमा गरिन्छ। यस खालको नीति अल्पकालीन बढी तथा दीर्घकालीन कम हुने गर्दछ ।

राज्यले जनतालाई उपलब्ध गराएको वा गराउने सेवा सुविधा, वस्तुको वितरण, त्यसको गुणात्मक र संख्यात्मक स्थिति, सीमा, प्रक्रिया, अधिकार, उत्तरदायित्व, जिम्मेवार आदिमा नीतिले प्रत्यक्ष एंव परोक्ष असर पारेको हुन्छ। सार्वजनिक नीतिले प्रत्यक्ष रूपमा जनतासंग सरोकार राख्ने हुनाले यसको निर्माणमा जनताको पनि सहभागिता प्रत्यक्ष वा अप्रत्यक्ष, धेरै वा थोरै रूपमा हुन सक्ने कुरालाई इन्कार गर्न सकिन्न्। अर्थात सर्वसाधारणका लागि बनाइने नीतिमा सर्वसाधारणले पनि प्रभाव पार्न सक्ने अवस्थाहरू पनि रहेका छन् । सर्वसाधारणले निम्न तरिका वा माध्यमबाट नीति निर्माणमा प्रभाव पार्न सक्छन् । ती हुन् :

## मतदान

निर्वाचनको समयमा उम्मेदवारले मतदाताहरू समक्ष निर्वाचन घोषणापत्रको माध्यमबाट व्यक्त गरेका प्रतिवद्धताले सार्वजनिक नीतिमा प्रभाव पार्न सकिन्छ । चुनावी घोषणापत्र राजनैतिक मूल्य तथा मान्यतामा आधारित हुने हुनाले सरकारले बनाउने नीतिमा राजनैतिक मूल्य र मान्यताहरू पनि पर्ने गरेका छन्। घोषणापत्रमा उल्लेखित प्रतिवद्धताहरू विशेष गरेर जनताको मागहरूमा आधारित हुने गरेका हुन्छन् ।

यद्यपि मतदाताहरूले नीतिमा प्रभाव पार्न उनीहरू आफैमा केही कुराहरूमा स्पष्ट हुन जरुरी हुन्छ । जस्तैः मतदाताहरू आफैमा नीतिको बारेमा ज्ञान हुनुपर्दछ, विषय वस्तु वा मुद्दाको आधारमा मतदान गर्नु पर्छ र यसमा एकरूपता हुनुपर्दछ। यसैको आधारमा उम्मेदवारले बहुमत प्राप्त गरेको हुनुपर्दछ। नीति निर्माण गर्ने कार्य निर्वाचित पदाधिकारीहरूको हो। त्यसैले मतदाताहरूले आफूले निर्वाचित गराएका पदाधिकारीहरूमार्फत नीतिमा प्रभाव पार्न सक्छ ।

## जनमत सर्वेक्षण

नीति छनौट गर्ने प्रक्रियामा जनमत सर्वेक्षणको महत्वपूर्ण

भूमिका हुन्छ । छनौटको आधारमा नीति निर्माण गरिन्छ । यस किसिमको क्रियाकलापबाट जनताको चाहना कतातिर छ, के चाहन्छन, भन्ने कुराहरू थाहा पाउन सकिन्छ। यस क्रममा मतदान गर्नेहरूलाई नीतिको बारेमा स्पष्ट ज्ञान हुन आवश्यक छ । मतादाताहरू विवेकशील हुनुपर्दछ ।

## व्यक्तिगत राजनैतिक क्रियाकलाप

सर्वसाधारणले व्यक्तिगत रूपमा नीति निर्माताहरूसंग कुराकानी, भेटघाट, पत्रचार, टेलिफोन आदि क्रियाकलाप गरी नीति निर्माताहरूलाई प्रभाव पार्न सक्छन्। यस किसिमको क्रियाकलापबाट जनता र नीति निर्माताबीच प्रत्यक्ष रूपमा दोहोरो संचार कायम हुनसक्छ । सूचनाहरू संकलन गर्न महत्वपूर्ण श्रोत हुनुका साथै नीतिप्रतिको सर्वसाधारणको रुचि पनि थाहा पाउन सकिन्छ। जस्तैः पत्रकारहरूले सर्वसाधारणले भोग्नु परेको समस्यालाई उजागर गरेर, बुद्धिजीवी लेखकहरूले आफनो लेख मार्फत दृष्टिकोण प्रस्तुत गरेर पनि नीति निर्माणमा प्रभाव पार्न सक्छन् ।

यद्यपि यसका केही अप्ठेराहरू छन् जस्तैः सामाजिक र आर्थिक रूपले सम्पन्न व्यक्तिहरूमात्र नीति निर्माताहरू समक्ष पुग्न सक्छन । नीति निर्माताहरूले सवैको लागि समय उपलब्ध गराउन सक्दैनन् र यो सम्भव पनि रहन्न् । त्यसैले जसको पहुंच छ उनीहरूले मात्र फाइदा लिने गरेको पाइन्छ ।

## संगठित मानिसहरूको जमात

सर्वसाधारणको हित अनुकूल नीति निर्माण गर्न दबाब दिन सक्ने पहुंचिलो, भरपर्दो र प्रभावकारी माध्यम संगठित मानिसहरूको जमात हो किनकि ठूलो जमातले एउटै नीतिको पक्षमा वकालत गरेमा उक्त कुरालाई नीति निर्माताहरूले पन्छाउन वा ओझेलमा पार्न वा तोडमोड गर्न सक्दैनन् । अर्थात संख्यात्मक र गुणात्मक शक्तिबाट नीति निर्माताहरूको ध्यान आकृष्ट गर्न सकिन्छ ।
जनता र नीति निर्माताहरूबीचमा संगठित मानिसहरूको जमातले निम्न माध्यमबाट सम्बन्ध कायम गरेको हुन्छन् ।

## हित समूह

हित समूहले जनतालाई नीतिको विषयवस्तुसंग सम्बन्धित ज्ञान भएको मानिसहरू उपलब्ध गराएको हुन्छ। त्यसै गरेर नीति निर्माताहरूलाई नीतिका सम्बन्धमा विभिन्न क्षेत्रका साझा उद्देश्य भएका बुद्धिजीवीहरूसंग छलफल र अन्तरक्रिया गरी उनीहरूको विचार, दृष्टिकोण, व्याख्या, छलफलको निचोड आदि प्रस्तुत गर्दछन् । यस समूहले नीति निर्माताहरूलाई प्रभाव पार्ने क्रममा उनीहरूको ध्यान आकर्षण गर्नका लागि अनसन, र्याली, ज्ञापन पत्र दिने जस्ता दवाब मूलक कार्य गर्दछन् ।

## राजनैतिक दल

राजनैतिक दलहरूलाई सार्वजनिक नीतिमा जनताको नियन्त्रण कायम गर्ने एउटा संयन्त्रको रूपमा लिइन्छ । नीति निर्माण गर्ने कार्य जननिर्वाचित पदाधिकारीहरूले गर्दछन्। निर्वाचनमा बहुमत प्राप्त गर्न राजनैतिक दलहरूले उद्योगपति, व्यापारीहरूसंग भौतिक सहयोग लिने र विभिन्न समूह तथा दबाब समूहहरू, अल्पसंख्यक वा बहुसंख्यक समुदायलाई आश्वासन दिएको हुन्छ । तर, सत्तामा पुगेपछि नीति निर्माण गर्दा उनीहरूको आवाजलाई पनि स्थान दिनु पर्ने बाध्यात्मक अवस्था पनि रहन सक्छ। अर्कातिर सत्तासिन राजनैतिक दलसंग नजिकका संघ संस्था वा समूहहरूले उनीहरूको हित अनुकूल नीति निर्माण गर्नका लागि दबाब दिन सक्छन् । तर यसका लागि राजनैतिक दलहरूले आफनो कार्यक्रम जनसमक्ष प्रस्तुत गर्नुपर्दछ, वैकल्पिक कार्यक्रम दिन सक्नुपर्दछ, त्यस प्रति उमेदवार प्रतिबद्ध हुनुपर्दछ, मतदाताहरूले व्यक्ति र पार्टीलाई नहेरी कार्यक्रमको आधारमा मतदान गर्नुपर्दछ, विजयी दलले अत्याधिक बहुमत प्राप्त गरेको हुनुपर्दछ र घोषित कार्यक्रमलाई कार्यान्वयन गरिनुपर्दछ ।

## निष्कर्ष

जनताको निम्ति बनाइने नीतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जनताको सहभाग भइरहेको हुन्छ। नीति निर्माणमा जनसहभागिता अझ सशक्त एवं प्रभावकारी बनाउनका लागि जनताहरू स्वयं विवेकशील हुनुपर्दछ । क्षणिक स्वार्थलाई त्यागेर दीर्घकालीन उपलब्धिलाई हेरिनु पर्दछ। यदि जनता सचेत बन्न नसकेमा नीति निर्माताहरूले आफनो हित अनुकूल नै नीति निर्माण गर्दछन्। अतः जनतालाई सुयोग्य बनाउनका लागि राज्यले जनतालाई उपलब्ध गराएको शिक्षा, स्वास्थ्य आदि जस्ता महत्वपूर्ण सेवालाई पहुंचिलो बनाउनु पर्दछ। तब मात्र जनताको उपस्थिति प्रभावकारी हुन्छ र जनता र राष्ट्रको हितमा नीति निर्माण हुनसक्छ। ॥

**संविधानमा जनता** ............. (पृष्ठ २ बाट)

संविधान हाल अस्तित्वमा नरहेको तथा मौलिक अधिकारको ठाडो उलंघन भइरहेको वताउनु भयो। उहाँले सत्चालीस सालको संविधानले सुधारको बाटो लिन नसकेको तथा राज्यको कुनै पनि निकायमा जनताको प्रतिनिधित्व नभएको वताउनु भयो। अर्का वक्ता श्री सिन्धुनाथ प्याकुरेलले आजको समस्या निरुपणका लागि शान्ति स्थापना पहिलो प्राथमिकता भएको र यो संविधान सभासंग गाँसिएको वताउनु भयो। त्यसकारण पुन युद्धविराम गरी शान्तिको पहल गर्न आवश्यक भएको तथा नागरिक समाज यसकालागि प्रतिबद्ध रहेको वताउनु भयो । वहांले राजनीतिक पार्टीहरूले देशलाई भावी दिशा निर्देश गर्ने कार्यमा लाग्न पनि अनुरोध गर्नुभयो ।

कार्यक्रममा साप-नेपालका कार्यकारी निर्देशक डा. रोहित कुमार नेपालीले कार्यक्रमको पृष्ठभूमि पत्र प्रस्तुत गर्नुभएको थियो । उक्त अवसरमा विभिन्न विधाका बुद्धिजीविहरुद्वारा साप नेपालको अनुरोधमा संविधानमा जनता विषयमा लिखित लेखहरुको संकलन वितरण गरिनुका साथै लेखको सारांस सम्बन्धित लेखक द्वारा नै प्रस्तुत गरिएको थियो।

# शान्ति र सुशासनसंग सम्वन्धित पुस्तकहरूको प्रकाशन

साप नेपाल ले विगत छ वर्षदेखि शान्ति र सुशासनकालागि विविध कार्यहरू सञ्चालन गर्दै आइरहेको छ। यसै सम्वन्धमा समुदायमा भएका शान्ति र सुशासनका मुद्दाहरू पहिचान गरी ती मुद्दाहरूमा सरोकारवालाहरू बीच अन्तरक्रिया तथा छलफलहरू गरी आएका निचोड एवं सुझावहरू आवश्यक अवस्थामा सम्वन्धित क्षेत्र एवं नीति निर्माताहरू समक्ष पुऱ्याउदै आइरहेको छ। यसरी विभिन्न क्षेत्रमा भएका कार्यक्रमहरूलाई समेटेर साप-नेपालले आफ्नो प्रकाशनहरूपनि समय सापेक्ष रूपमा प्रकासित गर्दै आइरहेको छ। यसै सन्दर्भमा साप-नेपालद्वारा शान्ति र सुशासनका क्षेत्रमा निम्न पुस्तकहरू प्रकाशन गरीसकेको छ :

- A Civil Society Perspective for Good Governance in Nepal
- सन् २००० पछिको दृष्टिकोणः नेपालमा सुशासनप्रति जनसमाजको परिप्रेक्ष्य
- Governance in the Doldurms: Who Really Governs Nepal
- सुशासनका चूनौतीहरू
- सुशासनका लागि ऐक्यवद्धता
- Good governance: Dream or Reality
- Good governance: Enhancing Perspective for Strategic Planning
- Quest for Peace
- Peace and Governance: Concerns, Issues and Strategies
- शान्ति र सुशासनः सरकोकार, मुद्दा र कार्यनीति
- शान्ति स्थापना र जनअभिमत
- शान्ति र सुशासनः दीर्घ शान्ति स्थापनाको आधार
- शान्ति र सुशासनः चूनौती र संभावना
- शान्ति र सुशासनः शान्ति स्थापनाको आधार
- संकटकालीन अवस्थाको परिधि र नागरिक समाजको भूमिका
- शान्तिको खोजी
- शान्ति वार्ताः विषय र विश्लेषण
- नागरिक समाजको चिन्तन
- Governance Planning with People
- सुशासन योजनामा जनता
- जनयुद्ध र शान्ति
- Women and Budget
- Women in governance

# इनाफी (INAFI) : लघुवित्त संस्थाहरूको क्षमता बृद्धिमार्फत् गरिवी निवारणमा पहल

"वैकल्पिक वित्तीय संस्थाहरूको अन्तर्राष्ट्रिय संजाल" (इनाफी) वासिङ्गटन डि.सि.मा सम्पन्न प्रथम लघुवित्त शिर्ष सम्मेलनको प्रतिफल हो। यस सम्मेलन विश्वबाट गरिवी निवारण गर्ने कुरामा केन्द्रित रहेको थियो। यसको स्थापना दातृ संस्था तथा बैंकहरूको वित्तीय नीतिमा सकारात्मक प्रभाव पार्नको लागि संजाल विकास गर्ने तथा गरिवहरूलाई राम्रो तथा गुणस्तरीय सेवा प्रदान गर्न प्रतिवद्ध लघुवित्त संस्थाहरूको पहिचान प्रवर्द्धन तथा क्षमता बृद्धि गरी गरिवहरूलाई राम्रो तथा गुणस्तरीय सेवा प्रदान गर्ने कार्यलाई सुनिश्चित गर्ने उद्देश्यले भएको हो।

इनाफी गरिवहरूलाई लचकताका साथ ग्राहकमुखी तथा खोजमूलक लघुवित्त सेवा प्रवाह गर्न लघुवित्त संस्थाहरू तथा यिनीहरूका प्रमुख सरोकारवालाहरूको क्षमता बृद्धि हुनुपर्छ भन्ने कुरामा विश्वास गर्दछ। यसैले इनाफीले उपर्युक्त गरिवमुखी निति निर्माणको लागि आबश्यक वातावरण तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि लघुवित्तमा संलग्न विभिन्न संस्थाहरू, दातृ संस्थाहरू तथा निति निर्माताहरूवीच ज्ञान तथा सूचनाको आदान प्रदान गर्नको लागि सहजकर्ताको भूमिका खेल्दछ।

हाल इनाफीले एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा सकृय रुपले कार्य गरिरहेको छ। यी तीन क्षेत्रका महादेशीय सचिवालयले २५ देशका लघुवित्त सेवा प्रदान गर्ने संगठित संस्थाहरू मार्फत विश्वका १ करोड २० लाख भन्दा बढि मानिसहरूलाई सेवा प्रदान गरिरहेको छ। यसमा संलग्न संस्थाहरूले उनीहरूको सामाजिक उद्देश्यमा कुनै विचलन नल्याइकन नै वित्तीय सेवाहरू प्रवाह गरि रहेका छन।

इनाफीको एशिया क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सचिवालय बगंलादेशको ढाकामा रहेको छ। नेपालले इनाफी नेपाल च्याप्टरको रूपमा सन् २००३ जुलाईदेखि साप-नेपाल बबरमहल काठमाण्डौबाट आफ्नो कार्यक्रम शुरु गरेको छ। ❑

# क्षेत्रीय गतिविधि

ý गुणस्तरीय लगानी तथा लागत अनुसार लाभ आर्जन गर्न अपनाउनु पर्ने उपायहरू तथा भाखा नाघेको ऋणले लघु वित्तीय संस्थाको सामाजिक तथा आर्थिक मूल्य र मान्यतामा पर्न सक्ने असरहरू पत्ता लगाउने उद्देश्यले साप-नेपाल म.प.क्षे.का. नेपालगंजको आयोजनामा गत मंसिर २८, २०६० मा **वित्तीय संस्थाहरूमा स्तरीय लगानी तथा भाखा नाघेको ऋण ब्यबस्थापन** विषयक एक दिने क्षेत्रीय कार्यशाला गोष्ठी सम्पन्न भयो । कार्यशालामा बांके, बर्दिया, दाङ्ग, सुर्खेत र कैलालीका साझेदार संस्थाहरू, लगायत बिभिन्न वित्तीय संस्थाहरू, लघुवित्त संस्थाहरू, पत्रकारहरू तथा अन्य संस्थाहरूका गरी करीव ६८ जनाको सहभागिता रहेको थियो ।

ý साप-नेपाल पूर्वाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा राजनीतिमा कृयाशील महिलाहरूका लागि पाँच दिने नागरिक शिक्षा तालिमको आयोजना गत आश्विन ३० देखि कार्तिक ४, २०६० सम्म सम्पन्न भयो । तालिममा इलाम तथा मोरङ्गका १९ जना महिलाहरूको सहभागिता रहेको थियो ।

ý अदुवाको राम्रो उत्पादन भैरहेको इलामको जिर्मले गाविसमा अदुवामा लागेको रोगको कारण पत्ता लगाई यसको रोकथामका लागि आवश्यक तालिम गत आश्विन ६ देखि ७, २०६० मा सम्पन्न भयो । तालिममा २७ जना अदुवा कृषकको सहभागिता रहेको थियो ।

ý गाविसस्तरमा रहेका विभिन्न संघ संस्था, समूहहरूको ऐक्यवद्धतालाई प्रवर्धन गर्दै गाविसस्तरमा विद्यमान सुशासन सम्बन्धी मुद्दाहरूको पहिचान गर्ने, प्राथमिकीकरण गर्ने र त्यसमा जनवकालत गर्ने उद्देश्यले गाउँ विकास मञ्चहरूको गठन गरिएको छ । यसै क्रममा झापा जिल्लाको डांगीबारी तथा धाइजन गाविस, दाङ्ग जिल्लाको लक्ष्मीपुर, रामपुर, तथा सौडियार गाविस तथा तनहुं जिल्लाको दुलेगौडा गाविसमा गाउं विकास मञ्च दुलेगौडाको गठन गरिएको छ ।

ý जिल्ला विकास मञ्च कास्कीको आयोजनामा **द्वन्द्वले महिलामा पारेको असर** विषयक सार्वजनिक सुनवाइ कार्यक्रम गत कात्तिक २२, २०६० मा सम्पन्न भयो । अधिवक्ता तिलक पराजुलीद्वारा द्वन्द्वले महिलामा परेको असर विषयक कार्यपत्र प्रस्तुत गरी सम्पन्न भएको उक्त कार्यक्रममा ६५ जना (महिला ३५, पुरुष ३०) को सहभागिता रहेको थियो ।

ý जनसमाज संस्था सुदृढीकरण कार्यक्रम अन्तर्गत क्षेत्रगत गाउं विकासको अवधारणामा आधारित पश्चिमाञ्चल विकास क्षेत्रका कालिका सामुदायिक बिकास संस्था कास्कीकोट, ढिकुरपोखरी सामुदायिक बिकास संघ ढिकुरपोखरी तथा एकता संरक्षण सामुदायिक बिकास संस्था पुरुन्चौरलाई उनीहरूको कार्यकुशलता तथा सम्भाव्यताको आधारमा संस्थागत विकासमार्फत गाउंमा सहयोगी सेवा प्रदान गर्न उत्प्रेरित गर्ने उद्देश्यले भौतिक सहयोग स्वरुप कम्प्युटर वितरण गरियो ।

ý साप-नेपाल पश्मिाञ्चल क्षेत्रीय कार्यालयद्वारा जनसमाज संस्था सुदृढीकरण कार्यक्रम अन्तर्गत शुक्ला गण्डकी जनसमाज विकास संस्था, दुलेगौंडालाई समुदायको विकासको लागि उत्कृष्ट योगदान पुऱ्याए वापत प्रोत्साहन स्वरुप रु ११,२५० धनराशी प्रदान गरियो ।

ý जिल्ला शिक्षा कार्यालय र मालपोत कार्यालयमा भइरहेको भ्रष्टाचारको विषयबस्तुमा केन्द्रित रहेर जिल्ला विकास मंच इलामको आयोजनामा गत कार्तिक ३०, २०६० मा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भयो ।

## साधारण सभा सम्पन्न

नागरिक समाज विकास परिषद नेपालको दोस्रो साधारण सभा गत मंसिर २, २०६० मा विराटनगरमा सम्पन भयो । परिषदको पांचै विकास क्षेत्रका विभिन्न जिल्लाहरूबाट ३३ जनाको सहभागिता रहेको उक्त साधारण सभामा परिषदको गत वर्षको प्रगति समिक्षा गरिनुकासाथै आगामी आर्थिक वर्षको लागि योजना तर्जुमा पनि गरिएको थियो । साधारण सभाले क्षेत्रीय स्तरमा क्षेत्रीय विकास मञ्च स्थापनाका लागि साप-नेपाल क्षेत्रीय सस्थाहरूको संयोजकत्वमा समितिहरू गठन गरी आवश्यक प्रक्रिया शुरु गरेको छ । साथै परिषदले जिल्ला स्तरमा सुशासन तथा जनवकालतका क्षेत्रमा कार्यरत रहेका निम्न जिल्ला विकास मञ्चहरूलाई जिल्ला शाखाको मान्यता पनि प्रदान गरेको थियो :

` जिल्ला विकास मञ्च कास्की
` जिल्ला विकास मञ्च, रुपन्देही
` जिल्ला विकास मञ्च, इलाम
` जिल्ला विकास मञ्च, मोरङ्ग
` जिल्ला विकास मञ्च, बाँके
` जिल्ला विकास मञ्च, बर्दिया
` जिल्ला विकास मञ्च, सुर्खेत ।

# संस्था दर्ता (आठौं संशोधन) नियमावली, २०६०

श्री ५ को सरकार गृह मन्त्रालयले संस्था दर्ता नियमावली २०३४ लाई संशोधन गर्न वाञ्छनीय देखाई संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी संस्था दर्ता नियमावलीमा संशोधन गरी संस्था दर्ता (आठौं संशोधन) नियमावली, २०६० जारी गरेको छ। उक्त नियमावली श्री ५ को सरकारद्वारा प्रकाशित नेपाल राजपत्रमा उल्लेख गरिएको छ। राजपत्रमा प्रकाशित उक्त नियमावली अनुसार हाल गैरसरकारी संस्था दर्ता शुल्क दश गुणा वृद्धि गरी एक हजार रुपैयाँ कायम गरेको छ भने हरेक वर्ष गैसस नवीकरणका लागि एक सयको विद्यमान व्यवस्थामा परिवर्तन गरी पाँच सय रुपैया पुऱ्याइएको छ।

## सम्मानित

साप-नेपालका कार्यकारिणी समितिका उपाध्यक्ष डा. गणेशमान गुरुङ्ग लोकसेवा आयोगको सदस्यमा, कार्यकारिणी सदस्यहरु डा. पुष्पा श्रेष्ठ राष्ट्रिय योजना आयोगको पहिलो महिला सदस्यमा तथा डा. प्रभा वस्नेत समाज कल्याण परिषदको सदस्य सचिवमा नियुक्त हुनुभएकोमा अत्यन्त गौरवान्वित महसुस गरी साप-नेपालले गत मंसिर ५, २०६० मा सम्मान कार्यक्रमको आयोजना गरेको थियो। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शंकर शर्माको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा गरिबी निवारण कोषका उपाध्यक्ष मोहनमान सैंजु, पूर्व परराष्ट्र मन्त्री शैलेन्द्रकुमार उपाध्याय लगायत साप-नेपालका कार्यकारिणी सदस्यहरूको उपस्थिति रहेको थियो।

## आगन्तुकहरूद्वारा भ्रमण

- साप-क्यानाडाका कार्यक्रम व्यवस्थापक भिना गोख्लेद्वारा साप-नेपालद्वारा सञ्चालित 'सार्प' कार्यक्रमको अध्ययन अवलोकनका क्रममा पुर्वाञ्चल क्षेत्रीय कार्यालय तथा इलाम जिल्ला विकास मंचको भ्रमण गत कात्तिक १-३, २०६०मा सम्पन्न।
- जनसमाज संस्था सुदृढीकरण कार्यक्रम अन्तर्गत कार्यक्रम मुल्याङ्कनका क्रममा CLO का प्रतिनिधि शशी राजगोपालन द्वारा पूर्वाञ्चल क्षेत्रको भ्रमण गत असोज २४-२६, २०६० मा सम्पन्न।
- नेदरल्याण्डको NOVIB संस्थाका कार्यक्रम अधिकृत गजन भ्यान ब्रुखेमद्वारा साप-नेपालद्वारा सञ्चालित पथविकास कार्यक्रमको समिक्षाका सन्दर्भमा साप-नेपाल केन्द्रिय कार्यालय तथा जिल्ला विकास मञ्च मकवानपुरको भ्रमण सम्पन्न।

## कविता

## एउटा निवेदन पृथ्वीको

**गोमा दाहाल**, *साप-नेपाल विराटनगर*

कोलाहल मच्चिने गरी फैलिएका
यी बचाउ बचाउ भन्ने शब्दहरू
ती शब्दहरूलाइ चिर्दै पड्कदै गरेका
बन्दुकको गोलीका आवाजहरू
सुनेर, म कसरी लामो समयदेखिको
थकान मेटिने गरी विश्राम गरौं
विश्राम नगरौं पनि भने भोलि फेरि
शरीर कम्पायमान हुने बोझ कसरी थामौं
म कति हेरौं आफ्नै छाति माथि बगेको
आफ्नै सन्तानका रगतका खोलाहरू
कति बोकौं म विछोडको बेदनामा बगेका
यी सहस्र आंशुका धाराहरू
भनौं म कसरी नबगाउ अव रगतका
खोलाहरू मेरो यो छाति माथि भनेर
सम्झाउं म कसरी नपड्काउ अब
यी तोप गोला बारुद र बमहरू भनेर
कति कोशिश गरौं भन्न यी सब कुराहरू
यहाँ कसैले सुन्दै सुन्दैन भने
कोशिस नगरी बसौं म कसरी
आफन्तको लडाइं नै रोकिंदैन भने
हात जोडी निवेदन गर्दैछु म तिमीहरूलाई
नबगाइदेउ अब यी रगतका खोलाहरू
अनाहक मै नपुछियोस् कसैको सिउंदो
नझारुन यी सहस्र अश्रुधारहरू
सहन नसकेर आफन्तको आकस्मिक बिछोड
नचिरियोस् कसैको छाति
नछिनीदेउ निर्दोषको जीवन ननिबोस् कसैको भविष्यको ज्योति
आपसमा मिलीजुली गर सवैले विकास म पनि फेर्न
सकौं आनन्दको श्वास
जुट सवै एक भएर र अघिबढ
मिलाइ कांधमा कांध अनि हातमा हात
उन्नति प्रगतिका लागि चलुन्
शान्त पाइला यो छाति माथि
रोकियोस् अव भाइ भाइको झगडा
र स्थायी हुन सकोस् दिगो शान्ति

## साप-नेपाल केन्द्रीय कार्यालय

साप-भवन, बबर महल, काठमाडौं,
पोष्ट बक्स नं. : ३८२७,
फोन : ०१-४२५८७८२/४२२३२३०
फ्याक्स नं. : ०१-४२४१३३८
वेबसाईट : http:/www.sapnepal.org
ईमेल : sap@ngdo.wlink.com.np

**पश्चिमाञ्चल विकास क्षेत्रीय कार्यालय, पोखरा**
फोन : ०६१-५३४३००
फ्याक्स : ०६१-५३४३००
ईमेल : wdr@fewanet.com.np

**पूर्वाञ्चल विकास क्षेत्रीय कार्यालय, विराटनगर**
फोन : ०२१-५३४०७७, ५२४३५९
फ्याक्स : ०२१-५२४३५९
ईमेल : sapbrt@cworld.com.np

**मध्यमाञ्चल विकास क्षेत्रीय कार्यालय, सौराहा, चितवन**
फोन : ०५६-५८००७५
फ्याक्स : ०५६-५८०१६४
ईमेल : infocdr@wlink.com.np

**मध्य-पश्चिमाञ्चल विकास क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
फोन : ०८१-५२५७६१, ५२३४००
फ्याक्स : ०८१-५२३४००
ईमेल : mwdrnpj@wlink.com.np

**सुदूर पश्चिमाञ्चल विकास क्षेत्रीय कार्यालय, धनगढी, कैलाली**
फोन : ०९१-५२०२८३
फ्याक्स : ०९१-५२०२८३

**विकास सम्बन्धी अभिलेख, प्रतिवेदन, पुस्तक तथा पत्र-पत्रिका प्रकाशन गर्नु परेमा साप-नेपाल पब्लिसिङ्ग हाउसमा सम्पर्क राख्नु होला ।**

विस्तृत जानकारीका लागि
**साप-नेपाल केन्द्रीय कार्यालय**
साप-भवन, बबर महल, काठमाडौं, पो.ब.नं.:३८२७
फोन : ०१-४२५८७८२/४२२३२३०
फ्याक्स नं. : ०१-४२४१३३८

**Printed by : SAP-Nepal Publishing House**
SAP Bhawan, Babar Mahal, Kathmandu
Phone : 4223230

प्रकाशकः साउथ एशिया पार्टनरशिप नेपाल, पो.ब.नं. ३८२७, बबरमहल, काठमाडौं, नेपाल। टेलिफोनः ४२२३२३०, ४२५८७८२
सम्पादकीय टोलीः डा. रोहित कुमार नेपाली, तीर्थप्रसाद ज्ञवाली र दुर्गा नकर्मी ।